**आकाशवाणी समाचार- नेपाली**
**मितिः २१ अप्रेल २०२५**
**समयः ०७.२५ – ०७ः ३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले १७ औँ सिविल सेवा दिवसका अवसरमा आज नयाँ दिल्लीमा सिविल सेवकहरुलाई सम्बोधन गर्नुहुनेछ।

२. लद्दाखमा भएको भारी हिमपात र असिनापानीका कारण पर्वतीय परिषदले सबै आपतकालीन सेवाहरुलाई हाई अलर्ट जारी गरेको छ।

३. अमेरिकी उपराष्ट्रपति जेम्स डेविड वैंस भारतको चार दिने औपचारिक भ्रमणका लागि आज बिहान नयाँ दिल्ली आइपुग्नु हुनेछ।

४. गाजामा भएको इजरायली आक्रमणमा परी कम्तीमा २९ प्यालेस्टिनीको मृत्यु भएको छ।

५. भारतका रुद्राक्ष पाटिल र आर्य बोरसेको जोडीले पेरुको राजधानी लिमामाआयोजित आईएसएसएफ विश्वकपमा रजत पदक जितेका छन्।

६. आइपिएल क्रिकेटअन्तर्गत गएराति भएको खेलमा मुम्बई इन्डियन्सले चेन्नई सुपर किंग्सलाई ९ विकेटले पराजित गरेको छ।

**प्रधानमंत्री - सिविल सेवक दिवस**

प्रधानमन्त्री नरेन्द्र मोदीले १७ औँ सिविल सेवा दिवसका अवसरमा आज नयाँ दिल्लीमा सिविल सेवकहरुलाई सम्बोधन गर्नुहुनेछ। यसै अवसरमा उहाँले लोक प्रशासनमा उत्कृष्टताका लागि प्रधानमन्त्री पुरस्कार पनि प्रदान गर्नुहुनेछ।

****** ० ******

**जम्मू-कश्मीर - बचाव कार्य**

जम्मु काश्मिरको रामबन जिल्लामा बादल फाटने र पहिरोको घटनापछी राहत र उद्धार कार्य आजदेखि पुनः सुरु हुने भएको छ भने काश्मिर उपत्यकालाई देशका अन्य भागसँग जोड्ने महत्वपूर्ण जम्मु–श्रीनगर राष्ट्रिय राजमार्गलाई पूर्णरूपमा खोल्ने प्रयास भइरहेको छ। हावाहुरी, असिनापानी, पहिरो र बाढीका कारण जम्मु काश्मिरका धेरै क्षेत्रमा स्याउ र अन्य बगैँचामा ठूलो क्षति पुगेको छ। रामबन जिल्लामा बादल फुटेपछि गएको पहिरोमा परी तीन जनाको मृत्यु भएको छ। पहिरोका कारण जम्मु–श्रीनगर राष्ट्रिय राजमार्ग बन्द गरिएको छ भने पन्थियाल नजिकैको सडकमा क्षति पुगदा कैयौँ सवारी साधनमा क्षति पुगेको छ।
राष्ट्रीय आपदा मोचन बल र राज्य आपदा मोचन बलको टोली उद्धार र राहत कार्यमा उद्धार कार्यमा लागि परेपनि खराब मौसमका कारण राहत कार्यमा बाधा पुगेको छ। यसैबीच भारी वर्षाका कारण आज रामबन जिल्लामा विद्यालय र सरकारी संस्थाहरू बन्द हुने भएका छन्।

बाईट

यसैबीच उपराज्यपाल मनोज सिन्हा र मुख्यमन्त्री उमर अब्दुल्लाहले यस आपदाका कारण मृत्यु हुनेहरु सगै यसबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्नुभयो।

****** ० ******

**लद्दाख**

लद्दाखमा भएको भारी हिमपात र असिनापानीका कारण पर्वतीय परिषदले सबै आपतकालीन सेवाका लागि हाई अलर्ट जारी गरेको छ । प्रमुख कार्यकारी पार्षद टासी ग्याल्सनले सबै प्रमुख अधिकारीहरूलाई सतर्क रहन र कुनै पनि संकटको स्थितिमा तत्काल कदम चाल्न निर्देशन दिनुभएको छ भने आपदा कार्रवाई दललाई पनि अलर्टमा राखिएको छ ।

****** ० ******

लेह बन्द

प्रतिकूल मौसमका कारण केन्द्र शासित प्रदेश लद्दाखका सबै सरकारी/निजी शैक्षिक संस्थाहरू बुधबारसम्मका लागि बन्द गरिएको छ। ट्राफिक अधिकारीहरूको रिपोर्ट अनुसार, हिउँ जमेको कारणले आज  श्रीनगर-कारगिल सडक बन्द रहनेछ। साथै, हिजो प्रतिकूल मौसमका कारण कारगिलदेखि लेह सडक पनि बन्द रह्यो। यसका साथै, कार्दुंगला पास बन्द भएका कारण लेह-नुब्रा सडक पनि बन्द रह्यो। खराब मौसमले लद्दाखको केन्द्र शासित प्रदेशमा विनाश निम्त्याएको छ, बालीनालीमा क्षति पुगेको छ, बिजुलीका पोलहरू ढलेका छन् र पहाडहरूमा पहिरो गएको छ जसले सडक सम्पर्क बिच्छेद गरेको छ। लेहमा खराब मौसमका कारण प्रमुख उडानहरू पनि रद्द गरिएका छन्।

****** ० ******

**वैंस - भारत यात्रा**

अमेरिकी उपराष्ट्रपति जेम्स डेविड वैंस भारतको चार दिने औपचारिक भ्रमणका लागि आज बिहान नयाँ दिल्ली आइपुग्नु हुनेछ। उहाँसँगै उहाँकी श्रीमती उषा वैंस र अमेरिकाका केही वरिष्ठ अधिकारीपनि सहभागी हुनेछन् । उपराष्ट्रपति वैंसको यो पहिलो भारत भ्रमण हो भने उहाँको आज साझ प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्ने कार्यक्रम छ । यसका साथमा उपराष्ट्रपति र उनको प्रतिनिधिमण्डलले दिल्लीमा अन्य धेरै कार्यक्रमहरु पनि गर्ने तथा अमेरिका फर्कनुअघि जयपुर र आगराको भ्रमण गर्ने कार्यक्रम रहेको छ। यो भ्रमणले दुवै पक्षलाई द्विपक्षीय सम्बन्धमा भएको प्रगतिको समीक्षा गर्ने अवसर प्रदान गर्ने विदेश मन्त्रालयले जनाएको छ । भ्रमणले प्रधानमन्त्री नरेन्द्र मोदीको फेब्रुअरीमा भएको अमेरिका भ्रमणका क्रममा जारी गरिएको भारत–अमेरिका संयुक्त वक्तव्यको कार्यान्वयनको समीक्षा पनि गर्नेछ ।

बाइट

****** ० ******

**बिहार-खरगे**

कांग्रेस अध्यक्ष मल्लिकार्जुन खड़गेले भाजपाले समुदायलाई विभाजित गर्न  वक्फ संशोधन अधिनियम ल्याएको बताउनु भएको छ। बक्सरको दलसागर खेल मैदानमा एक जनसभालाई सम्बोधन गर्दै खड़गेले नयाँ वक्फ अधिनियमले समाजलाई विभाजन पैदा गर्ने षडयन्त्र भएको आरोप लगाउनु भयो । यसका साथमा उहाँले नितिश कुमार नेतृत्वको भाजपा र जनता दल यूनाइटेड गठबन्धन अवसरवादी भएको पनि आरोप लगाउदै आगामी विधानसभा चुनावमा बिहारका जनताले एनडीएलाई अस्वीकार गर्ने दाबी गर्नुभयो । अर्कोतिर भाजपाले कांग्रेस नेताको यस आरोपको खण्डन गरेको छ । भारतीय जनता पार्टीका प्रदेश अध्यक्ष दिलीप जैसवालले खड़गेले जनतालाई भ्रममा पार्न खोजेको आरोप लगाउदै बिहारको विकासका लागि तीन लाख करोडको प्याकेज दिइएको बताउनु भयो ।

****** ० ******

**अश्विनी-डीबीटी**

केन्द्रीय इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले प्रधानमन्त्री नरेन्द्र मोदीको प्रत्यक्ष लाभ हस्तांतरण (डीबीटी) पहलबाट आएको पारदर्शिताका कारण तीन लाख 48 हजार करोड बचत भएको बताउनु भएको छ । भारतको डीबीटी प्रणालीको मात्रात्मक मूल्यांकन शीर्षकको एक नीति पत्रको उल्लेख गर्दै श्री वैष्णवले एक सोशल मीडिया पोस्टमा यसले लाभार्थियहरूको कभरेजमा १६ गुणा वृद्धि भएको बताउनु बयो । नीति पत्रअनुसार २०१३ मा लागू गरिएको देशको डीबीटी प्रणालीले पारदर्शिता बढाएर चुहावट रोक्न र सही रकम वितरण सुनिश्चित गरेको छ । नीति दस्तावेजले सन् २००९ देखि २०२४ सम्मको तथ्याङ्कको मूल्यांकन गर्दै बजेटको दक्षता, अनुदानको तर्कसंगतता र सामाजिक परिणाममा डीबीटीको प्रभावको मूल्यांकन गर्दछ।

****** ० ******

**फिलीस्तीन - मृत्यु**

गाजामा भएको इजरायली आक्रमणमा परी कम्तीमा २९ फिलीस्तीनहरु को मृत्यु भएको छ। यो जानकारी गाजाको नागरिक सिविल डिफेंसले दिएको हो।सिविल डिफेंसका प्रवक्ता महमुद बसालका अनुसार मध्य गाजामा इजरायली हवाई आक्रमणमा परी १० जनाको मृत्यु हुनुका साथै केही घाइते भएको बताएका छन्। यसैगरी दक्षिणी गाजाको एक टेन्टमा इजरायली ड्रोन आक्रमणमा परी एक प्यालेस्टिनी महिलाको मृत्यु हुनुका साथै अन्य चार जना घाइते भएका छन् भने शहरमा इजरायलले गरेको दुई छुट्टाछुट्टै आक्रमणमा अन्य चार जनाको मृत्यु भएको प्रवक्ताले बताएका छन्। अर्कोतिर राफा शहरको उत्तरपश्चिममा इजरायली आक्रमणमा एक प्यालेस्टिनी को मृत्यु भएको थियो भने शहरमा अर्को इजरायली हवाई आक्रमणमा एक प्यालेस्टिनीको मृत्यु भएको थियो। यसबाहेक उत्तरी गाजामा इजरायली हवाई आक्रमणमा परी आठ जनाको मृत्यु भएको छ। यस घटनाबारे इजरायली सेनाले तत्काल कुनै प्रतिक्रिया दिएको छैन।

****** ० ******

**युद्ध विराम**

युक्रेन र रुसले ३० घण्टे इस्टर युद्धविराम उल्लङ्घन गरेको आरोप एकअर्कामाथि लगाउँदै आएका छन्। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले शनिबार साँझदेखि आइतबार मध्यरातसम्म युद्धविरामको घोषणा गरेपछी युक्रेन पनि यसलाई पालन गर्न सहमत गरेको थियो। युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रुसले करिब तीन हजार पटक युद्धविराम उल्लङ्घन गरेको र पूर्वी शहर पोक्रोभ्स्कमा गोलाबारी गर्दै रुसले युद्ध जारी राखेको आरोप लगाउनु भयो। अर्कोतर्फ रुसले भने युद्धविरामको पालना गरेको तर युक्रेनी आक्रमणबाट आफूलाई जोगाउनु परेको बताएको छ। रुसले युक्रेनले युद्धविरामका क्रममा अमेरिकी हतियार प्रयोग गरेको आरोप पनि लगाएको छ। यसैबीच अमेरिका र र ब्रिटेनले युद्धविराम उल्लङ्घनको निन्दा गरेका छन्।

****** ० ******

**मौसम**

मौसम विभागले जम्मू–कश्मीर, लद्दाख, गिलगिट, बाल्टिस्तान र मुजफ्फराबादका केही स्थानमा मेघगर्जन र चट्याङसहित वर्षाको सम्भावना रहेको जनाएको छ। यसैगरी छत्तीसगढ, उडिसा, पश्चिम बङ्गाल, सिक्किम, आसाम, मेघालय, नागाल्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा र तटीय आन्ध्रका केही भागहरूमा पनि आगामी दुई दिन वर्षा र चट्याङको सम्भावना रहेको छ। यसका साथै मौसम विभागले विदर्भमा गर्मी बढ्ने अनुमान गरेको छ भने तमिलनाडु, पुडुचेरी र कराइकलमा पनि आगामी दुई दिन तातो र आर्द्र मौसम रहने अनुमान गरेको छ।

****** ० ******

**आईएसएसएफ विश्व कप**

रुद्राक्ष पाटिल र आर्य बोरसेको जोडीले पेरुको राजधानी लिमामाआयोजित आईएसएसएफ विश्वकपमा रजत पदक जितेका छन्। लास पाल्मास सुटिङ रेन्जमा हिजो स्वर्ण पदकका लागि भएको खेलमा रुद्राक्ष र आर्यको जोडी नर्वेका जोन हर्मन हेग र जीनेट हेग डुएस्टैडको जोडीसँग ११–१७ ले पराजित हुदै रजत पदकमा चित्त बुझाए।लिमा विश्वकपमा भारतको यो तेस्रो रजत पदक हो। प्रतियोगितामा भारतले दुई स्वर्ण र एक कास्य पदक जितेको छ। पदक तालिकामा चीन र अमेरिकापछि भारत तेस्रो स्थानमा छ। प्रतियोगिताको आज अन्तिम दिन हो।

****** ० ******